Magar Media Person's Society
मगर आमसञ्चारकर्मी समाज

श्री अध्यक्षज्यू,
यूएस नेपाल मिडिया सेन्टर,
न्यूयोर्क, अमेरिका ।

**विषय : हार्दिक शुभकामना ।**

महोदय,
यूएस नेपाल मिडिया सेन्टरले सञ्चालन गरेको न्यूज पोर्टल यूएसनेपाल अनलाइन डटकमले प्रथम वर्ष पूरा गरी दोस्रो वर्षमा प्रवेश गरेको थाहा पाउदा अति नै खुशी लागेको छ । स्थापनाको एकवर्षे छोटो अवधिमै यस अनलाइनले धेरै ठूलो नेपाली समुदायलाई सूसूचित पारेको मूल्याकन हामीले गरेका छौ । पत्रकारिता चाहे त्यो छापा होस् वा विद्युतीय त्यो एउटा मिसनमा बाधिएको हुन्छ भन्ने हामीलाई लाग्छ । विकासोन्मुख मुलुकमा पत्रकारिता सम्भ्रान्त र मध्यम वर्गको हतियार हुनसक्ने सम्भावना उत्तिकै छ । वास्तवमा विश्वव्यापी मान्यता अनुसार पनि पत्रकारिता आवाजविहीनहरुको आवाज बन्नुपर्ने हो विडम्वना त्यसो हुन सकिरहेको छैन । आफ्नो यात्रामा अघि बढ्ने क्रममा यस अनलाइनले उपेक्षित, उत्पीडित नेपाली समुदाय, जातजाति, क्षेत्र, भाषा, लिग सबैको आवाजलाई समेटेर लैजान सकोस् भन्ने हार्दिक शुभकामना दिन चाहन्छौ ।
हामी मगर आमसञ्चारकर्मीहरु मगर समुदायलाई सूचना सञ्चारको क्षेत्रबाट योगदान दिन संगठित भएका छौ ।

अध्यक्ष
नरेश खपाङ्गीमगर